Nepali | नेपाली

# सन् २०२६ को लागि प्राथमिक विद्यालयमा भर्ना

भिक्टोरियामा प्राथमिक विद्यालयको पहिलो वर्ष फाउन्डेशन (जसलाई प्रेप पनि भनिन्छ) कक्षा हो।



तपाईंको बच्चा 30 अप्रिल 2027 भन्दा पहिले 5 वर्ष लाग्ने भएमा विद्यालय सुरु गर्न सक्छ।
तपाईंको बच्चा 6 वर्ष पुगेपछि विद्यालय अनिवार्य जानु पर्छ।

## म कहिले आवेदन दिन सक्छु?

2027 को लागि भिक्टोरियाको सरकारी प्राथमिक विद्यालयमा भर्ना हुनको लागि आवेदनहरू:

- **सोमबार 20 अप्रिल 2026** देखि खुल्नेछ
- **शुक्रबार 31 जुलाई 2026 सम्म** बुझाउनु पर्नेछ।

## मेरो बच्चाको भर्ना अधिकार के हो?

भिक्टोरियामा, तपाईंको बच्चालाई *शिक्षा र प्रशिक्षण सुधार ऐन २००६ (Education and Training Reform Act 2006)* अन्तर्गत आफ्नो छरछिमेकको विद्यालय (तपाईंको 'स्थानीय विद्यालय ') मा भर्ना हुने अधिकार छ। तपाईंको स्थानीय विद्यालय तपाईंको स्थायी आवासीय ठेगानाको आधारमा विद्यालय क्षेत्रद्वारा निर्धारित गरिन्छ। भर्नाका निर्णयहरू कसरी गरिन्छ भन्ने बारे थप जान्नको लागि, विद्यालय भर्ना बारे हेर्नुहोस्।

## मैले मेरो बच्चालाई प्राथमिक विद्यालयको पहिलो वर्षमा कसरी भर्ना गर्नु पर्छ?

आफ्नो बच्चालाई प्राथमिक विद्यालयको पहिलो वर्षमा भर्ना गर्ने तरिका यहाँ छ:

1. **आफ्नो स्थानीय विद्यालय खोज्नुहोस्।**
   तपाईंको स्थानीय सरकारी प्राथमिक विद्यालय वा नजिकैका विद्यालयहरू फेला पार्न www.findmyschool.vic.gov.au मा जानुहोस्।
2. **विद्यालयलाई सम्पर्क गर्नुहोस्।**
   विद्यालयको ऐच्छिक भ्रमण बुक गर्न प्राथमिक विद्यालयलाई सम्पर्क गर्नुहोस्। विद्यालयले अनलाइन (VicStudents) या कागजी भर्ना प्रक्रिया मध्ये कुन प्रयोग गर्ने छ पुष्टि गर्नुहोस्। यो जानकारी विद्यालयको वेबसाइट मार्फत उपलब्ध हुनेछ।
3. **जानकारी प्याक डाउनलोड गर्नुहोस्।**
   Enrolling in Foundation (PREP) बाट फाउन्डेसन (PREP) भर्ना सूचना प्याक डाउनलोड गर्नुहोस् । यो प्याक बिहीबार 2 अप्रिल 2026 सम्म उपलब्ध हुनेछ।
4. **आफ्नो भर्ना आवेदन पेश गर्नुहोस्।**
   **शुक्रवार 31 जुलाई 2026 सम्म** अनलाइन (VicStudents) मार्फत वा उनीहरूको वेबसाइटमा वर्णन गरिएको विद्यालयको प्रक्रिया अनुसार कागजी फारम प्रयोग गरेर भर्ना आवेदन पेश गर्नुहोस्।
5. **आवेदनको परिणाम प्राप्त गर्नुहोस्।**
   तपाईंलाई **सोमबार 3 अगस्ट र शुक्रबार 14 अगस्ट 2026 को बीचमा** तपाईंको भर्ना आवेदनको नतिजाको बारेमा सूचित गरिनेछ। यदि तपाईंले भर्ना गर्नको लागि प्रस्ताव प्राप्त गर्नुभयो भने, तपाईंले **शुक्रबार 28 अगस्ट 2026** सम्ममा प्रस्ताव स्वीकार गर्नुपर्छ।
6. **तपाईंको बच्चालाई विद्यालयमा सार्नको लागि तयारी गर्नुहोस्।**
   सत्र 4, 2026 को समयमा विद्यार्थी संक्रमण सत्रहरूमा भाग लिनुहोस्। तपाईंको बच्चाले **बिहीबार 28 जनवरी 2027** बाट फाउन्डेशन कक्षा सुरु गर्नेछ।

## म कसरी मेरो स्थानीय विद्यालय पत्ता लगाउन सक्छु?

तलका चरणहरू पालना गरेर Find my School वेबसाइटबाट आफ्नो स्थानीय विद्यालय खोज्नुहोस्:

1. आफ्नो ब्राउजरमा www. findmyschool.vic.gov.au प्रविष्ट गर्नुहोस्।
2. 'शुरूगर्न आफ्नो ठेगाना हाल्नुहोस्' (Enter your address to get started) अन्तर्गत आफ्नो स्थायी आवासीय ठेगाना हाल्नुहोस् ।
3. 'भर्ना वर्ष' (Enrolment year) अन्तर्गत 2027 चयन गर्नुहोस् । **2027 का लागि विद्यालय क्षेत्रहरू (School zones) बिहीबार 2 अप्रिल 2026 सम्म** उपलब्ध हुनेछन्।
4. 'विद्यालयको प्रकार' (School type) अन्तर्गत प्राथमिक छान्नुहोस्।

त्यसपछि नक्साले तपाईंको ठेगाना, तपाईंको स्थानीय विद्यालय, र बायाँपट्टि विद्यालयको सम्पर्क विवरण देखाउनेछ । यदि तपाईंले पानाको तल हेर्दै जानु भयो भने, यसले तपाईंलाई तपाईंको ठेगाना नजिकका पाँचवटा विद्यालयहरू पनि देखाउनेछ । तपाईं 'विद्यालयको लागि खोज' (Search for school) अन्तर्गत विद्यालयको नामबाट पनि खोजी गर्न सक्नुहुनेछ।

## यदि मेरो भर्ना आवेदन अस्वीकृत भयो भने के हुन्छ?

यदि तपाईंको आवेदन स्वीकृत भएन भने, तपाईं:

- अर्को विद्यालयमा **आवेदन दिनुहोस्**। तपाईंको छोराछोरीलाई आफ्नो स्थानीय विद्यालयमा स्थान सुरक्षित गरिएको हुन्छ । तपाईंको बच्चाको स्थानीय विद्यालय पत्ता लगाउन **Find my School** मा जानुहोस्।
- निर्णयको लागि अपिल गर्नुहोस्। Enrolling in Foundation (Prep) पृष्ठमा भर्ना आवेदन परिणाम अपिल गर्ने प्रक्रियाको बारेमा जानकारी छ।

## यदि मैले भर्ना गर्ने म्याद नाघेँ भने के हुन्छ ?

तपाईंले आफ्नो बच्चालाई **सोमबार 20 अप्रिल 2026** देखि कुनै पनि समयमा 2027 विद्यालय वर्षको लागि फाउन्डेसन कक्षामा भर्ना गर्न आवेदन दिन सक्नुहुन्छ।

तपाईंलाई **शुक्रवार 31 जुलाई 2026 सम्म भर्ना आवेदन पेश** गर्न भनिए पनि, भर्नाको समयसीमा छुटेका, स्थायी बसोबास स्थानान्तरण भएका वा भर्खरै भिक्टोरिया आइपुगेका परिवारहरूबाट ढिलो आवेदनहरू अझै स्वीकार गरिनेछ।

**31 जुलाई 2026 पछि** पेश गरिएका भर्ना आवेदनहरू विभागको भर्ना नीति बमोजिम प्राथमिक विद्यालयले **प्राप्त गरे** अनुसार व्यवस्थापन गरिनेछ।

## म प्राथमिक विद्यालयमा भर्नाको बारेमा थप जानकारी कहाँ पाउन सक्छु?

तपाईंले आफ्नो स्थानीय प्राथमिक विद्यालयलाई फाउन्डेशन भर्ना प्रक्रियाको बारेमा थप जानकारीको लागि सोध्न सक्नुहुन्छ।

**सोमबार 20 अप्रिल 2026** देखि तपाईंले फाउन्डेसन भर्ना प्रक्रिया बारेमा फाउन्डेसन (प्रेप) मा भर्ना (Enrolling in Foundation (Prep)) पृष्ठमा एक सूचना प्याक पनि पाउन सक्नुहुन्छ।

यदि तपाईंलाई जानकारी प्याक अनुवाद गर्न मद्दत चाहिन्छ भने, कृपया सहयोगको लागि तपाईंको स्थानीय प्राथमिक विद्यालयसँग कुरा गर्नुहोस्।

## मद्दतको लागि मैले कसलाई सम्पर्क गर्नु पर्छ?

तपाईंले आवेदन दिन चाहेको प्राथमिक विद्यालयका स्थानान्तरण संयोजक, भर्ना अधिकारी वा प्रधानाध्यापकले तपाईंलाई भर्ना प्रक्रियाको बारेमा कुनै पनि प्रश्नहरूको उत्तर दिनेछन्।

## उपयोगी लिङ्कहरू

कृपया तल केहि उपयोगी लिंकहरू उपलब्ध छन् जुन तपाईंको बच्चाले प्राथमिक विद्यालय शुरु गर्दा तपाईंको लागि उपयोगी हुन सक्छ:

मेरो विद्यालय खोज (Find my School) – findmyschool.vic.gov.au

विद्यालय क्षेत्रहरूको बारेमा जानकारी – vic.gov.au/school-zones

फाउन्डेशन (प्रेप) मा भर्ना (Enrolling in Foundation (Prep)) – vic.gov.au/enrolling-foundation-prep

विद्यालयमा भर्ना (Enrolling in school ) – vic.gov.au/how-choose-school-and-enrol

अपांगता र समावेशी शिक्षा (Disability and inclusive education) – vic.gov.au/disability-and-inclusive-education

क्षेत्रीय कार्यालय सम्पर्कहरू – vic.gov.au/office-locations-department-education-and-training

# 2027 फाउण्डेशन (PREP) कक्षा भर्नाको लागि समयरेखा

| सन् २०२५ का मितिहरू | आमाबाबु/हेरचाहकर्ताहरूले के गर्नुपर्छ? |
|---|---|
| **सत्र 1** | **मंगलबार 27 जनवरी (विद्यार्थीहरूले 28 जनवरीदेखि शुरू गर्नेछ) – बिहीबार 2 अप्रिल 2026** |
| **सत्र 1 र 2, 2026** | • **प्राथमिक विद्यालयहरूद्वारा आयोजित विद्यालय भ्रमणहरूमा भाग लिनुहोस्** *(ऐच्छिक)।* |
| **बिहीबार 2 अप्रिल 2026 सम्म** | • 2027 विद्यालय वर्षको लागि विद्यालय क्षेत्रहरू उपलब्ध हुन्छ। तपाईंले **आफ्नो स्थानीय विद्यालय** www.findmyschool.vic.gov.au मा पाउन सक्नुहुन्छ। |
| **सत्र 2** | **सोमबार 20 अप्रिल – शुक्रबार 26 जुन 2026** |
| **सोमबार 20 अप्रिल 2026 देखि खुल्नेछ** | • सत्र 2 को सुरुदेखि, **तपाईंको बच्चाको आवेदन भर्नुहोस् र बुझाउनुहोस्** – तपाईंको विद्यालयले के सल्लाह दिन्छ भन्ने आधारमा या त अनलाइन वा भर्ना सूचना प्याकमा रहेको आवेदन फारम प्रयोग गरेर।<br>• तपाईं **थप विवरणहरूको लागि** Enrolling in Foundation (Prep) **बाट भर्ना सूचना प्याक डाउनलोड गर्न सक्नुहुन्छ।** |
| **सत्र 3** | **सोमबार 13 जुलाई – शुक्रबार 18 सेप्टेम्बर 2026** |
| **शुक्रबार 31 जुलाई 2026 सम्म** | • यस मितिसम्म प्राथमिक विद्यालयमा **तपाईंले भरेको आवेदन पेश गर्नुहोस्**। |
| **सोमबार 3 अगस्ट र शुक्रबार 14 अगस्ट 2026 को बीचमा** | • **प्राथमिक विद्यालयहरूले तपाईंलाई** यस अवधिमा **भर्ना नतिजाहरूको लिखित रूपमा सूचित गर्नेछन्।**<br>• यदि तपाईंको आवेदन सफल भएन भने, तपाईंले प्राथमिक विद्यालयमा अपील गर्न सक्नुहुन्छ। |
| **शुक्रबार 28 अगस्ट 2026 सम्ममा** | • भर्नाको प्रस्तावको साथ प्रदान गरिएको भर्ना फारम भरेर **तपाईंको बच्चाको भर्ना स्वीकार गरेको पुष्टि गर्नुहोस्**।<br>• यदि तपाईं अपील गर्न चाहनुहुन्छ भने, तपाईंको प्राथमिक विद्यालयमा शुक्रबार 28 अगस्टसम्म लिखित अपील पेश गर्नुहोस्। |
| **शुक्रबार 11 सेप्टेम्बर 2026 सम्ममा** | • प्राथमिक विद्यालयहरूले तपाईंलाई अपील परिणामहरूको लिखित रूपमा सूचित गर्नेछन्। |
| **शुक्रबार 18 सेप्टेम्बर 2026 सम्ममा** | • यदि तपाईंले आफ्नो प्राथमिक विद्यालयमा दिएको अपील असफल भएमा तपाईंले सम्बन्धित क्षेत्रीय निर्देशकलाई लिखित अपील पेश गर्न सक्नुहुन्छ। |
| **सत्र 4** | **सोमबार 5 अक्टोबर – शुक्रबार 18 डिसेम्बर 2026** |
| **सत्र 4, 2026** | • प्राथमिक विद्यालयहरूद्वारा आयोजित संक्रमण सत्रहरूमा भाग लिनुहोस्। |
| **शुक्रबार 6 नोभेम्बर 2026 सम्ममा** | • यदि तपाईंले क्षेत्रीय निर्देशकसँग अपील दर्ता गर्नुभएको छ भने, उहाँले तपाईंलाई यस मितिसम्म नतिजाको लिखित रूपमा सूचित गर्नेछ। शुक्रबार 18 सेप्टेम्बरको अन्तिम मितिसम्म प्राप्त अपीलहरूमा मात्र यो लागू हुनेछ। |